कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ०१०-५४२०१६
**Email:** kalikagaupalika@gmail.co
**Website:** kalikamunrasuwa.gov.r

प.सं. : ०७९/८०
च.नं. :

मितिः२०७९/०७/०१

विषयः- स्वास्थ्य बिमा कार्यविधि, २०७९ जारी गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०७९/०७/०१ गते बसेको कालिका गाउँ कार्यपालिकाको निर्णयानुसार नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकका रुपमा स्थापित गरे बमोजिम गुणस्तरीय स्वास्थ्य सेवामा कालिका गाउँपालिकाका आम नागरिकहरुको पहुँच सुनिश्चित गर्नका लागि नेपाल सरकारले वि.सं. २०७१ साल देखी सर्वसाधारणको योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्दै आए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिषट गरे बमोजिम स्थानीय तहमा रहेका नागरिकहरुको गुणस्तरीय स्वास्थ्य सेवामा सरल, सहज पहुँच सुनिश्चित गर्न कालिका गाउँपालिकाको जिम्मेवारी हो। तसर्थ यस कालिका गाउँपालिकाले पालिका भित्रका स्थायी बसोबास गर्ने र गाउँपालिकाका नागरिकहरुको स्वास्थ्य बीमा कार्यक्रम प्राथमिकतामा राखेको छ। गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी स्वास्थ्य बीमाबाट कालिका बासी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि स्थानीयस्तरमा स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन गर्नका लागि स्वास्थ्य बिमा कार्यविधि, २०७९ जारी गरिएको सम्पूर्ण कालिका बासीमा जानकारी गराउन पाउँदा खुसी लागेको छ। स्वास्थ्य बीमा कार्यविधि, २०७९ जारी भई सकेको सन्दर्भमा कालिका गाउँपालिकामा स्थायीरुपमा बसोबास गर्ने सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुलाई सम्बन्धित वडा कार्यालयमा सम्पर्क राखी उक्त कार्यक्रममा सक्रिय सहभागी जनाई गुणस्तरीय स्वास्थ्य सेवा लिन हुन अनुरोध गर्दछु। धन्यवाद।

..............................
**सन्दीप पौडेल**
**प्रवक्ता**
कालिका गाउँपालिका